NMB CAPITAL
LIMITED
नागपोखरी, काठमाण्डौं
फोन ०१४४३७९६३, फ्याक्स: ०१४४३७९६०

E-mail: info@nmbcl.com.np
Web: www.nmbcapital.com.np

**अनुसूची - १५**

(धितोपत्रको केन्द्रीय निक्षेप सेवा विनियमावली, २०६८ को विनिमय २० को उपविनियम ३ संग सम्वन्धित)

# निक्षेप सदस्य र हितग्राही व्यक्ति वा संस्था बीचको सम्झौता

**बबरमहल, का.म.न.पा.-११ स्थित कार्यालय रहेको एनएमबी क्यापिटल लिमिटेड** (वैधानिक अस्तित्व भएको निकायको विवरण) (यसपछि “सदस्य” भनिएको) **प्रथम पक्ष र .................................स्थित कार्यालय/ठेगाना रहेको**................................... (वैधानिक अस्तित्व भएको निकाय/प्राकृतिक व्यक्तिको विवरण) **यसपछि** (“हितग्राही” भनिएको) **दोस्रो पक्ष बीच देहायका शर्तहरु पालना गर्ने सहमतिसाथ यो सम्झौता गरिएको छ।**

१. **सामान्य प्रावधान:** यस सम्झौताका पक्षहरु धितोपत्रको केन्द्रिय निक्षेप सेवा नियमावली, २०६८ का व्यवस्था र सिडिएससिले समय समयमा जारी गरेका विनियमलाई यसै सम्झौतामा उल्लेख भए सरह र यसै सम्झौताको हिस्साको रुपमा पालना गर्न सहमत छौं।

२. **रकम असुल उपर:** हितग्राहीले सदस्यलाई तिर्नुपर्ने रकम तोकिएको मितिभित्र बुझाउनु पर्नेछ।

३. **खाताको फाँटवारी (स्टेटमेन्ट):** सदस्यले हरेक तीन महिनाको अन्तमा हितग्राहीलाई निजका खाताको फाँटवारी प्रदान गर्नेछ। तर यस अवधिमा कुनै कारोवार नभएमा खाताको फाँटवारी दिनु पर्ने छैन।

४. **विवरणमा भएका परिवर्तनहरुवारे हितग्राहीले सूचित गर्नुपर्ने:** हितग्राहीले सूचित गरेको अवस्था वाहेक, हितग्राहिले विवरणमा भएको परिवर्तन सदस्यलाई जानकारी नगराएको कारणबाट हितग्राहीलाई हुन सक्ने कुनै हानी उपर सदस्य उत्तरदायी वा जिम्मेवार हुनेछैन।

५. **हितग्राहीको दावीप्रति निक्षेप सदस्य उत्तरदायी नहुने:** सुरक्षणका लागि हितग्राहीको खाताबाट खर्च लेखिएको/क्रेडिट गरिएको तेस्रो पक्षका दावी अदालत वा राजस्व निकायबाट तोकिएको वा माग भएको कुनै शुल्क, दस्तुर, कर प्रति सिडिएससि तथा सदस्य उत्तरदायी हुने छैनन्।

६. **प्रत्येक हितग्राही निम्न कुरामा विशेष रुपले जिम्मेवार हुनेछ:**
(क) निक्षेप सदस्यसंग भएको सम्झौता र खाता खोल्दाका विवरणहरु तथा तथ्य सम्बन्धमा,
(ख) निक्षेप सदस्यसंग खाता खोल्दा पेश गरेका लिखितको अधिकारीकता र सत्यता सम्बन्धमा,
(ग) निक्षेप सदस्यताबाट प्रत्येक कारोबार निर्देशन बमोजिम खाताबाट घटाएको र थपेको कुराको सुनिश्चित गर्ने,
(घ) हितग्राहीको खातामा भएको परिवर्तनका विवरण सम्बन्धमा जस्तै: ठेगाना, बैंक विवरण स्थिति अख्तियारी, आदेश मनोनयन दस्तखत आदि,
(ङ) कुनैपनि निष्काशित धितोपत्र खरिद गरेकोमा सो को सत्य विवरण।

७. **आधिकारिक प्रतिनिधि:** हितग्राही संगठित संस्था वा कानूनी व्यक्ति भएमा त्यस्तो संस्था वा व्यक्तिको तर्फबाट प्रतिनिधित्व गर्ने अख्तियार प्राप्त व्यक्तिको सदस्यसंगको सम्झौता क्रियान्वित गर्नेछन्। प्रतिनिधिको हेरफेर वा अन्य कुनै किसिमको परिवर्तन भएमा हितग्राहीले सदस्यलाई तुरुन्त जानकारी गराउने छ।

८. **सम्झौता रद्द गर्ने:** विनियमावली तथा सञ्चालन निर्देशिकामा उल्लेख गरिए अनुसारका शर्तबन्देजको अधिनमा रही पक्षहरुले यो सम्झौला जुनसुकै समयमा रद्द गर्न सक्ने छन्। कुनै पनि पक्षले सम्झौता रद्द गरेमा हितग्राहीको खातामा भएका धितोपत्रहरुलाई सोही सदस्यलाई निर्देशन बमोजिम सदस्यले व्यवस्थापन गर्नेछ।

९. **काबु बाहिरको परिस्थिति:** यस सम्झौता वा विनियमावलीमा जुनसुकै कुरा लेखिएको भए तापनि आँधी, तुफान, बाढी, चट्याङ, भुईँचालो, आगलागी, विस्फोटन वा दैवी प्रकोप युद्ध, विद्रोह, क्रान्ति, हुलदंगा, निषेधाज्ञा, नाकावन्धी, अवरोध, दंगा, नागरिक कलह, हड्ताल, तालाबन्दी, बहिस्कार कुनै उपयोगी सेवामा अवरोध जस्ता मजदूर कारबाही वा अशान्ति, शत्रुको कारबाही, अपराधिक षडयन्त्र, आतंककारीको गतिविधि वा तोडफोड, विध्वंस, प्रणालीमा गडवडी, अनाहक प्रवेश वा प्रतिकार गर्न नसकिने अन्य कुनै शक्ति वा बाध्यता लगायत काबु वा नियन्त्रण बाहिरका घटनाद्वारा यस सम्झौता अन्तर्गतको दायित्वमा कुनै कार्य सम्पादन नगरेको, विलम्ब गरेको वा उल्लघन भएकोमा कुनै एक पक्षलाई हुन गएको हानी नोक्सानी, क्षतिको सोधभर्ना वा क्षतिपूर्ति दिन अर्को पक्ष उत्तरदायित्व हुने छैन।

१०. **जनाउ:** यस सम्झौता अनुसार दिइने अथवा आवश्यक हुने कुनै पनि जनाउ वा सञ्चार लिखित रुपमा र प्रापकको हालसालको ठेगानामा नपठाएसम्म बन्धनकारी हुने छैन।

११. **विवादको समाधान:** पक्षहरुका बीचमा उत्पन्न हुन सक्ने विवाद तथा भिन्नताका सम्बन्धमा विनियमावली तोकिए अनुसारको मध्यस्थता समितिको व्यवस्था यस सम्झौताका पक्षहरुलाई पनि लागु हुने छ।

१२. **नियमनकारी कानून:** यो सम्झौता प्रचलित नेपाल कानूनद्वारा नियमन तथा व्याख्या हुनेछ।

**सम्झौताका प्रथम पक्ष**
निक्षेप सदस्यको तर्फबाट अधिकार प्राप्त
व्यक्तिको नाम :
दस्तखत :
कम्पनीको छाप :

साक्षी :
१)......................................................

**सम्झौताका दोश्रो पक्ष**
हितग्राहीको तर्फबाट अधिकार प्राप्त
व्यक्तिको नाम :
दस्तखत :
कम्पनीको छाप :

साक्षी :
१)......................................................

इति सम्बत्...................................साल..............................महिना......................गते रोज.........................शुभम्।